गाउँ सभाको मिति २०८३ असार १० गते बुधबारको बैठकमा
उपाध्यक्ष श्री शर्मिला बिसुराललले प्रस्तुत गर्नु भएको
आर्थिक वर्ष २०८३/०८४ को
राजश्व र व्ययको अनुमान

# बजेट वक्तव्य

गजुरी गाउँपालिका
धादिङ जिल्ला
बागमती प्रदेश
१० असार २०८३

# आर्थिक वर्ष २०८३/०८४ को बजेट

गजुरी  गाउँपालिकाको  १८ औं गाउँ सभाको उद्घाटन सत्रका सभाध्क्षज्यू,

गाउँ सभाका सचिवज्यू ,

गाउँ सभाका सदस्यज्यूहरु,

कर्मचारी साथीहरु,सञ्चारकर्मी मित्रहरु, सुरक्षाकर्मी, बुद्धिजीवि र उपस्थित सम्पूर्ण महानुभावहरुलाई हार्दिक स्वागत गर्दछु।

यस गजुरी  गाउँपालिकाको  यस सम्मानीत १८औं गाउँ सभामा सभाध्यक्षज्यू मार्फत प्रस्तुत गरिएको आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम कार्यान्वयनका लागि अनुमानित बजेट प्रस्तुत गर्न पाउँदा मलाई हर्ष र  गौरवको अनुभूति भएको छ।

सर्वप्रथम, नेपालको सार्वभौमसत्ता, स्वाधिनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित र लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको स्थापनाको लागि भएका जन आन्दोलनहरु, जनयुद्ध,  जेन-जी लगायतका जनक्रान्तिहरुमा आफ्नो अमूल्यजिवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली एवं श्रद्धासुमन अर्पण गर्दछु।

स्वाधिन, समुन्नत एवम् आत्मनिर्भर अर्थतन्त्रको निर्माणको आवश्यकता र संविधानले निर्देश गरेको समाजवाद उन्मुख अर्थव्यवस्थाको आधार निर्माण गर्न जरुरी छ। गरिवीको रेखामुनी रहेका तथा विभेद र वहिष्करणमा परेका वर्ग, क्षेत्र, लिङ्ग जाति समुदाय लगायत सवै नागरिकको विकास र समृद्धिको आकांक्षा सम्बोधन गर्न बजेट केन्द्रित गर्न प्रयास गरेको छु ।

संघीय लोकतान्त्रीक गणतन्त्रात्मक शासन व्यवस्था पछिको स्थानीय तहको दोस्रो आवधिक निर्वाचनमा सक्रिय सहभागि भएर आफ्नो अमुल्य मत प्रदान गर्नुहुने सम्पूर्ण  जनताहरुमा हार्दिक धन्यवाद व्यक्त गर्दछु।

यस उद्घाटन सत्रमा हाम्रो निमन्त्रणालाई स्वीकार गरी आतिथ्यता ग्रहण गरिदिनु हुने गाउँ सभाका सदस्यज्यूहरु लगायत सम्पूर्ण महानुभावहरु प्रति हार्दिक स्वागत तथा अभिवादन गर्दछु ।

**सभाध्यक्ष महोदय,**

लामो समय देखीको रसिया युक्रेन युद्ध, मध्यपुर्वमा देखिएको अमेरिका इरान युद्ध र तनावपूर्ण अवस्थाको प्रभावबाट मुलुकको अर्थतन्त्र कमजोर बनेको छ । हाम्रो गाउँपालिका पनि यसबाट अन्त्यन्तै प्रभावित बनेको छ । उत्पादन तथा वितरण प्रणाली, विकास निर्माण र सेवा प्रवाहमा अवरोध सिर्जना भई गाउँको सम्पूर्ण  मानवीय, सामाजिक र आर्थिक पक्षमा प्रतिकुल प्रभाव परेको छ ।

हामी निर्वाचित भएर आएको चौथो वर्षमा छौँ । यो भन्दा अगाडिको सरकारले गरेका विकास निर्माणका कार्यहरु र त्यसप्रति जनताले बनाएको धारणा, गाउँपालिकासँग जनताले गरेका माग तथा आवश्यकता आधारमा स्थानीय स्रोत साधनको अत्याधिक परिचालन मार्फत स्थानीय अर्थतन्त्रलाई गतिशिल र आत्मनिर्भर बनाउदै लोककल्याणकारीता तर्फको गतिशिल यात्रा तय गरेका छौँ । स्वास्थ्य, शिक्षा, कृषि, दिगो उत्पादनशिल रोजगारी, पूर्वाधार विकास र सम्पूर्ण मानव विकासका पक्षमा प्राथमिकता दिई समावेशी विकासको मार्गमा अगाडि बढ्न जनप्रतिनिधी, राजनैतिक दल, गाउँपालिका वासी सबैको समन्वय, सहकार्य,  ऐक्यवद्धता, आपसी सहिष्णुता, भातृत्व र मानवीय व्यवहारले मात्रै सम्भव हुन्छ भन्ने विषय यस गरिमामय गाउँसभा समक्ष निवेदन गर्न चाहन्छु ।

**सभाध्यक्ष महोदय,**

यस गाउँपालिकाले आ.व. २०८३/०८४ को बजेट तर्जुमा गर्दा लिएका प्रमुख आधारहरु निम्न रहेका छन् ।

- नेपालको संविधान,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४,
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४,
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४,
- संघीय र प्रदेश सरकारले जारी गरेका विषयगत नीति तथा कानूनहरु,
- स्थानीय तहको वार्षिक योजना तर्जुमा दिग्दर्शन, २०७४,
- १६औं आवधिक योजनाले आत्मसाथ गरेको दीर्धकालिन सोच, लक्ष्य, उद्देश्य, क्षेत्रगत नीति तथा कार्यक्रम र अवलम्बन गरिएका रणनीतिहरु,
- संघीय सरकार र बागमती प्रदेश सरकारको आर्थिक वर्ष २०८३/८४ को नीति कार्यक्रम तथा बजेट,
- सन् २०३० सम्म पुरा गर्नुपर्ने गरी निर्धारण गरिएका दिगो विकासका लक्ष्यहरु,
- नेपालले अन्तर्राष्ट्रिय मञ्चहरुमा गरेका प्रतिवद्धताहरु,
- यस गाउँपालिकाको विगतका आर्थिक वर्षहरुका नीति, कार्यक्रम र क्रमागत आयोजनाहरु,
- गाउँपालिकाका विषयगत समितिबाट प्राप्त सुझाव,
- गाउँपालिकामा अन्य विभिन्न माध्यमबाट प्राप्त भएका सुझाव तथा कार्यक्रमहरु ।

**सभाध्यक्ष महोदय !**

अब म गत आर्थिक वर्षको आय र व्ययको समिक्षा, चालु आर्थिक वर्षको संसोधित अनुमान र आगामी आर्थिक वर्षको अनुमानित बजेट पेश गर्ने अनुमति चाहन्छु।

**सभाध्यक्ष महोदय !**

अब म गत आर्थिक वर्ष २०८१/०८२ को आय र व्ययको समिक्षा पेश गर्न अनुमति चाहन्छु ।

| क्र.स. | आय स्रोत शिर्षक | अनुमानित रकम | व्यय रकम |
|---|---|---|---|
| १ | राजश्व बाँडफाँड संघ | १० करोड १७ लाख | ८ करोड ४० लाख ४ हजार ३ सय ७० |
| २ | राजश्व बाँडफाँड प्रदेश | २ करोड २५ लाख ९७ हजार | १करोड ८२ लाख १५ हजार |
| ३ | वित्तीय समानिकरण संघ | १३ करोड ८४ लाख | ११ करोड ५८ लाख २४ हजार |
| ४ | वित्तीय समानिकरण प्रदेश | १ करोड ४७ लाख ५६ हजार | १ करोड ३० लाख ६० हजार |
| ५ | आन्तरिक स्रोत दहत्तर वहत्तर सहित | ६ करोड ५ लाख | १ करोड २६ लाख ४० हजार २ सय ७५ |
| ६ | गत आ.व. को वैङ्क मौज्दात | ३ करोड ८५ लाख | ३ करोड ८५ लाख |

| | | | |
|---|---|---|---|
| ७ | सशर्त अनुदान संघ | २० करोड ५० लाख ६७ हजार ५ | १९ करोड ७५ लाख ३७ हजार ५ सय |
| ८ | विशेष अनुदान संघ | ० | ० |
| ९ | समपुरक अनुदान संघ | १ करोड | ४८ लाख २३ हजार ४ सय ४३ |
| ८ | सशर्त अनुदान प्रदेश | २ करोड १६ हजार | २ करोड १६ हजार |
| ११ | विशेष अनुदान प्रदेश | ७० लाख | ७० लाख |
| १२ | समपुरक अनुदान प्रदेश | १ करोड ५० लाख | १ करोड ५० लाख |
| १२ | सामाजिक सुरक्षा भत्ता | ११ करोड ७१ लाख १७ हजार ८ सय | ११ करोड ६५ लाख ६४ हजार २ सय १४ |
| १५ | जम्मा  बजेट | ७४ करोड ६१ हजार ५४ हजार ३ सय | ६४ करोड ३१ लाख ८४ हजार ८ सय २ |
| जम्मा खर्च  ८६.२० प्रतिशत हासिल गर्न सफल भएको व्यहोरा प्रस्तुत गर्न चाहन्छु। | | | |

**सभाध्यक्ष महोदय,**

अब म गजुरी  गाउँपालिकाको  चालु आ.व २०८२/०८३ को आय र व्ययको संसोधित अनुमान पेश गर्ने अनुमति चाहन्छु।

| क्र.स. | आय स्रोत शिर्षक | अनुमातित रकम | व्यय रकम |
|---|---|---|---|
| १ | राजश्व वाँडफाँड संघ | ९ करोड ५८ लाख ४१ हजार ५ सय २९ | ७ करोड ३१ लाख |
| २ | राजश्व वाँडफाँड प्रदेश | ३ करोड ६१ लाख ३५ हजार ४ सय९० | १ करोड ९५ लाख |
| ३ | वित्तीय समानिकरण संघ | १३ करोड ८२ करोड | ८ करोड ८४ लाख |
| ४ | वित्तीय समानिकरण प्रदेश | १ करोड ४७ लाख २६ हजार | ६ करोड ५० लाख |
| ५ | आन्तरिक स्रोत (दहत्तर र वहत्तर सहित) | १५ करोड ६१ लाख ८८ हजार ४५ | ६ करोड २४ लाख ८८ हजा २ सय ४८ |
| ६ | गत आ.व. को वैङ्क मौज्दात | २ करोड ३६ लाख ०४७ सय ५२ | २ करोड ३६ लाख ४ हजार ७ सय ५२ |

| | | | |
|---|---|---|---|
| ७ | सशर्त अनुदान संघ | २० करोड ६० लाख | १९ करोड ९६ लाख |
| ८ | विशेष अनुदान संघ | ६९ लाख | १२ लाख ४१ हजार ३ सय ६४ |
| ९ | समपुरक अनुदान संघ | ८९ लाख | ० |
| ८ | सशर्त प्रदेश | २ करोड २ लाख ४२ हजार | २ करोड २ लाख ४२ हजार |
| ११ | विशेष अनुदान प्रदेश | ६५ लाख | ४८ लाख ७५ हजार |
| १२ | समपुरक अनुदान प्रदेश | २ करोड | १ करोड ५० लाख |
| १२ | सामाजिक सुरक्षा भत्ता | १० करोड ८४ लाख ६६ हजार | ८ करोड ७६ लाख ७९ हजार ५ सय ८२ |
| १५ | जम्मा | ८३ करोड ६३ लाख ३ हजार ८ सय ६१ | ५८ करोड ९९ लाख ६ हजार ६ सय ६९ |
| चालु आर्थिक वर्षमा विनियोजित बजेटको ६९.४७ प्रतिशत खर्च हुने संभावना अनुमान गरेको छु । | | | |

**सभाध्यक्ष महोदय,**

आगामी आर्थिक वर्ष हामी निर्वाचित भएर जनताका आवश्यकता र आकांक्षा पूरा गर्ने अन्तिम वर्ष हो । गजुरी गाउँपालिकाको सर्वाङ्गिण विकास तथा गाउँपालिका वासीको हितका पक्षमा हामिले आ.व.२०८३/०८४ का लागि सभाध्यक्ष ज्यूबाट प्रस्तुत गरिएको नीति तथा कार्यक्रमको कार्यान्वयनका लागि विषयगत शाखा, वडा कार्यालय तथा यस गाउँकार्यपालिकाको प्रशासनिक कार्यसञ्चालन तथा सेवा प्रवाहका लागि देहायबमोजिम बजेट प्रस्तावित गरेको छु ।

१. गाउँपालिकाका वडाहरुको लागि एकमुष्ट ८ करोड विनियोजन गरेको छु।
२. गाउँपालिकाको पूर्वाधार निर्माण, सेवा प्रवाह र प्रशासन सञ्चालन तथा व्यवस्थापनका लागि ६५ करोड १५ लाख ४ हजार विनियोजन गरेको छु।

गाउँपालिकाले विनियोजन गरेको उक्त स्रोतबाट यस गाउँपालिकामा पूर्वाधार निर्माण त्यसको गाउँपालिकावासीमा प्रभावकारी र न्यायपूर्ण पहुँच, सेवा प्रवाहको गुणस्तर सुधार, सुशासन र समृद्ध गाउँपालिका निर्माण हुनेछ। गाउँपालिका सँग नागरिकको थप बलियो सम्वन्ध कायम हुनेछ भन्ने विश्वास लिएको छु।

**सभाध्यक्ष महोदय,**

अब म यस गाउँसभामा सभाध्यक्षज्यू द्धारा प्रस्तुत गरिएको नीति तथा कार्यक्रम र माथि उल्लेखित विनियोजित विषयमा बजेट कार्यान्वयन गर्नका लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्न चाहन्छु ।

आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम कार्यान्वयन गर्नका लागि देहायबमोजिमको स्रोतहरु मध्येबाट ७३ करोड १५ लाख ४ हजार विनियोजन हुने गरी अनुमान गरेको छु ।

| क्र.स. | आय स्रोत शिर्षक | अनुमानित रकम |
|---|---|---|
| १ | नेपाल सरकार समानिकरण अनुदान | १३ करोड ९६ लाख |
| २ | नेपाल सरकार सशर्त अनुदान | २० करोड ७१ लाख |
| ३ | विशेष अनुदान नेपाल सरकार | १ करोड ४० लाख |
| ४ | नेपाल सरकार समपुरक अनुदान | ५५ लाख |
| ५ | प्रदेश सरकार समानिकरण अनुदान | १ करोड ३१ लाख ६८ हजार |
| ७ | सशर्त अनुदान प्रदेश सरकार | १ करोड ४३ लाख ४ हजार |
| ८ | विशेष अनुदान प्रदेश सरकार | ७० लाख |
| ९ | समपुरक अनुदान प्रदेश सरकार | २ करोड |
| ८ | राजश्व बाँडफाँड संघीय सरकार | ९ करोड ९४ लाख ९९ हजार |
| ११ | राजश्व बाँडफाँड प्रदेश सरकार | ३ करोड ६४ लाख ४० हजार १ सय ४० |
| १२ | आन्तरिक अनुमान | १७ करोड ४८ लाख ९२ हजार ८ सय ६० |
| १३ | जम्मा बजेट | ७३ करोड १५ लाख ४ हजार |

**सभाध्यक्ष महोदय**

यो बजेट कार्यान्वयनमा गाउँपालिकावासीको आर्थिक सामाजिक अवस्था परिवर्तन हुने, वातावरण संरक्षणमा गुणात्मक सुधार, राजश्व संकलनमा केही बृद्धि हुनुका साथै भौतिक पूर्वाधार निर्माण र सेवा प्रवाहमा सुधार आई सुशासनको अनुभूति हुने विश्वास लिएको छु ।

**अन्त्यमा,**

यस बजेट निर्माण प्रक्रियामा महत्वपूर्ण सहयोग गर्नुहुने आदरणीय अध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, योजना तर्जुमा समितिका सदस्यज्यूहरु, राजश्व परामर्श समितिका सदस्यज्यूहरु, विषयगत समितिका संयोजक र सदस्यज्यूहरु, लेखा समितिका सदस्यज्यूहरु, कार्यपालिकाका सम्पूर्ण सदस्यज्यूहरु , विभिन्न राजनैतिक दल, उद्योग बाणिज्य संघ लगायत सरोकारवाला निकायहरु, सम्पूर्ण कर्मचारी साथीहरु र अमुल्य सल्लाह सुझाव दिनु हुने सबै प्रति हार्दिक आभार प्रकट गर्दै धन्यवाद व्यक्त गर्दछु।

धन्यवाद ।

शर्मिला बिसुराल
उपाध्यक्ष